बैठक संख्या ६०

मिति: २०७६/०३/२४

आज मिति २०७६ साल आषाढ २४ गते मङ्गलबारका दिन अर्जुनधारा नगरपालिकाका प्रमुख श्री हरिकुमार राना ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका (बोर्ड) मा देहाय बमोजिम उपस्थिती रह्यो।

१	नगरप्रमुख	श्री हरिकुमार राना	अध्यक्ष	
२	उपप्रमुख	श्री कमला खतिवडा आचार्य	सदस्य	
३	प्रमुख प्रशासकीय अधिकृत	श्री पंकज भूर्तेल	सचिव	
४	वडाध्यक्ष	श्री गजाधर खतिवडा	सदस्य	
५	वडाध्यक्ष	श्री रघुनाथ खनाल	सदस्य	
६	वडाध्यक्ष	श्री जीवकुमार भण्डारी	सदस्य	
७	वडाध्यक्ष	श्री दुर्गाप्रसाद दाहाल	सदस्य	
८	वडाध्यक्ष	श्री ध्यानबहादुर भारती	सदस्य	
९	वडाध्यक्ष	श्री लोकनाथ गौतम	सदस्य	
१०	वडाध्यक्ष	श्री नवराम ढुङ्गाना	सदस्य	
११	वडाध्यक्ष	श्री गोपीचन्द्र गौतम	सदस्य	
१२	वडाध्यक्ष	श्री पुष्पकुमार प्रसाई	सदस्य	
१३	वडाध्यक्ष	श्री बलदेवसिंह गोम्देन	सदस्य	
१४	वडाध्यक्ष	श्री भैरवबहादुर खड्का	सदस्य	
१५	सदस्य	श्री लक्ष्मी तामाङ	सदस्य	
१६	सदस्य	श्री हरिमाया भण्डारी	सदस्य	
१७	सदस्य	श्री शारदाकुमारी भट्टराई	सदस्य	
१८	सदस्य	श्री शकुन्तला बराल	सदस्य	
१९	सदस्य	श्री दिलमाया शिवा	सदस्य	
२०	सदस्य	श्री दिलिप गुरुङ्ग	सदस्य	
२१	सदस्य	श्री खिनमान दास	सदस्य	
२२	सदस्य	श्री रमेशकुमार दर्जी	सदस्य	
	अधिकृत (सार्ता)	श्री विजयकुमार शर्मा	आमन्त्रित	
	सहायक (चौधो)	श्री सौजन्य उदवाल	"	

मिति २०७६/०३/२४ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

१.अर्जुनधारा नगरपालिकाको विनियोजन विधेयक २०७६ स्वीकृत गरी पाचौं नगर सभाको आगामी बैठकमा स्वीकृतिका लागि पेश गर्ने ।

२.अर्जुनधारा नगरपालिका वडा नं ९ बस्ने श्री कृष्णप्रसाद बरालले निजका नाममा दर्ता कायम साविक शनिश्चरे गा वि स वडा नं ३ को कि.नं.१३६ बाट ज.वि.१-०-० (एक विगाहा मात्र) यस कार्यालयको नाममा अस्पताल निर्माण प्रयोजनार्थ निशुल्क उपलब्ध गराउनुहुने भएकाले कि.नं.१२९ को दक्षिण पश्चिम र कि.नं.१३० को उत्तर तर्फबाट समेत मिलाएर ज.वि. १-०-० यस कार्यालयका नाममा नामसारी गर्न आवश्यक कारबाही अघि बढाउने ।

३.अर्जुनधारा नगरपालिकाले आन्तरिक आय (ठेक्का बन्दोबस्त) का लागि खुदुनबारी बजार पशु हाट तथा हाट बजार करका लागि ठेक्का आह्वान गरेकामा तोकिएको म्याद भित्र पर्न आएका ठेक्काहरु मध्ये शुभलक्ष्मी मनि ट्रान्सफर्मरले अधिकतम मूल्य रु ५१,७६,५५१/-(एकाउन्न लाख छयत्तर हजार पाँच सय एकाउन्न मात्र) कबोल गरी पेश गरेको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिका लागि मूल्याङ्कन समितले सिफारिस गरेकाले उक्त प्रस्ताव स्वीकृत गर्ने ।साथै,उक्त संस्थाले ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्रमा मूल्य अभिवृद्धि करमा दर्ता गरी सम्झौता गर्न आउन पत्राचार गर्ने र कबोल गरेको मूल्य रु ५१,७६,५५१/-(एकाउन्न लाख छयत्तर हजार पाँच सय एकाउन्न मात्र) एकमुष्ठ कार्यालयमा जम्मा गरेमा पाउने छुट सुविधा उपलब्ध गराउने ।

४.आगामी आर्थिक वर्षको दायित्वमा रहने गरी सञ्चालन भएका वडा नं ३का देहाय बमोजिमका योजनाहरुका निम्नानुसारको रकम चालु आर्थिक वर्षमा सञ्चित कोषमा खर्च नभई रकम बचेको खण्डमा भुक्तानी गर्ने ।

क.पगला खोलामा पुल निर्माण योजनाको रु १० लाख मात्र ।

ख.सुखानी खोलामा अधुरो कज्वे निर्माण रु ४ लाख ५० हजार मात्र ।

५.अर्जुनधारा नगरपालिका वडा नं ४ डिएमसी पश्चिमको बिरिङ्ग छेउ पोखरी निर्माण कार्यको अध्ययन र वडा नं २ को टाङ्टिङ्ग गोयाङ्गको दोभानमा Over deposit नदिजन्य सामाग्री साथै वडा नं १ को बिरिङ्ग विद्युत पोल उत्तरको ढिस्को व्यवस्थापनका लागि वातावरणिय तथा भुगर्भविद बाट अध्ययन प्रतिवेदन पेश हुन आएकाले रु ५ लाखमा नबढाई भुक्तानी दिने ।

हरी कुमार राना मगर
नगर प्रमुख

६.राष्ट्रपति चुरे मधेश तराई विकास समिति अन्तर्गत सञ्चालन भएको सुखानी खोलामा दुवै तर्फ ड्याम बाँधी तारजाली लगाउने कामको डिजाइन तयार हुँदा खोलाको बहाव क्षेत्र १०० मीटर कायम राखी ड्याम निर्माण गर्ने सम्झौता भएकामा उपभोक्ता समितिबाट नदिको वहाव क्षेत्र ७८ मीटर मात्र कायम राखी ड्याम निर्माण भएकाले निर्माण भए अनुरुप नै नदीको वहाव क्षेत्र ७८ मिटर कायम गरी उक्त योजनाको भुक्तानि दिने ।

७.वडा नं १ मा १२ थान (६० NP3 को ४वटा र ४५ NP3 को ८ वटा ३ र वडा नं २ मा १२ वटा (९० NP3 २ वटा , ६० NP3 ८ वटा र ४५ NP3 ८ वटा) उपलब्ध गराउने ।

८.नगर कार्यपालिकाको मिति २०७५/१०/११ को बैठकबाट खेतीयोग्य जमिन खण्डिकरण नियन्त्रणका लागि प्रतिवेदन दिन कार्यपालिका सदस्य श्री रमेशकुमार दर्जीको संयोजकत्वमा गठित समितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने ।

९.वडा नं ३ स्थित त्रिपुरेश्वर मार्ग स्तरोन्नतिका चालु आर्थिक वर्षमा २००० मीटर सडक स्तरोन्नति गर्न रु ८ लाख विनियोजन भएकामा उपभोक्ता समितिबाट २६०० मिटर काम भएकाले बढी काम भएको ६०० मीटर को लागि बढी खर्च भएको रकम रु १,६२,५००/- मूल्याङ्कन गराई भुक्तानीका लागि आगामी आर्थिक वर्षमा दायित्व राख्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख